# नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाको जरुरी सूचना

नेपाल चार्टर्ड एकाउन्टेन्टस् नियमावली, २०६१ मा चार्टर्ड एकाउन्टेन्सी शिक्षा सम्बन्धी निम्नानुसार नियम संसोधन भएकोले सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**चार्टर्ड एकाउन्टेन्सी परीक्षामा सामेल हुन सक्ने व्यवस्था :**

१. चार्टर्ड एकाउन्टेन्सी शिक्षाको आधारभूत तह (CAP- I) मा नाम दर्ता गराएको मितिले ६ महिना पुरा गरेका र योग्यता परीक्षा उत्तीर्ण गरेका विद्यार्थीले चार्टर्ड एकाउन्टेन्सी शिक्षा आधारभूत तह (CAP- I) को परीक्षामा सामेल हुन सक्नेछन् । यही 31st May 2014 सम्ममा नाम दर्ता गराई योग्यता परीक्षा उर्त्तीण हुने विद्यार्थीहरु December 2014 मा हुने चार्टर्ड एकाउन्टेन्सी शिक्षा आधारभूत तहको परीक्षामा सामेल हुन सक्नेछन् ।

२. चार्टर्ड एकाउन्टेन्सी शिक्षाको मध्यम तह (CAP- II) मा नाम दर्ता गराएको मितिले ९ महिना पुरा गरेका र योग्यता परीक्षा उत्तीर्ण गरेका विद्यार्थीले चार्टर्ड एकाउन्टेन्सी शिक्षा मध्यम तह (CAP- II) को परीक्षामा सामेल हुन सक्नेछन् । यही 28th February 2014 सम्ममा नाम दर्ता गराई योग्यता परीक्षा उर्त्तीण हुने विद्यार्थीहरु December 2014 को चार्टर्ड एकाउन्टेन्सी शिक्षाको मध्यम तहको परीक्षामा सामेल हुन सक्नेछन् ।

**परीक्षा उत्तीर्ण गर्नुपर्ने अवधि :**

चार्टर्ड एकाउन्टेन्सी शिक्षा को आधारभूत तह (CAP -I ) को परीक्षा उक्त तहमा शिक्षा प्राप्त गर्न नाम दर्ता गराएको मितिले **३ वर्ष** भित्र र मध्यम तह (CAP -II ) को परीक्षा उक्त तहमा शिक्षा प्राप्त गर्न नाम दर्ता गराएको मितिले **५ वर्ष** भित्र उत्तीर्ण गरिसक्नु पर्नेछ ।

**चार्टर्ड एकाउन्टेन्सी शिक्षामा पुनः नाम दर्ता गराएका विद्यार्थीको सम्बन्धमा :**

☞ चार्टर्ड एकाउन्टेन्सी शिक्षा हासिल गर्न पूनः नाम दर्ता गराएको अवस्थामा सम्बन्धित तहको परीक्षामा सामेल हुन न्यूनतम समायावधी पूनः पुरा गर्नुपर्ने छैन ।

☞ चार्टर्ड एकाउन्टेन्सी शिक्षा हासिल गर्न पहिले नै सम्बन्धित तहको योग्यता परीक्षा उत्तीर्ण गरिसकेको भए पूनः योग्यता परीक्षा उत्तीर्ण गर्नुपर्ने छैन ।

☞ चार्टर्ड एकाउन्टेन्सी शिक्षा अन्तर्गत पहिले नै पंजिकृत प्रशिक्षण लिई सकेको भएमा पूनः पंजिकृत प्रशिक्षण लिनुपर्ने छैन ।

*यस सम्बन्धी विस्तृत जानकारीको लागि संस्थामा सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।*

**नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्था**

**The Institute of Chartered Accountants of Nepal**

***(Established Under the Nepal Chartered Accountants Act, 1997)***

**Babarmahal, Kathmandu, Nepal,**

**PO Box: 5289, Tel: 4258569, 4269130, 4255668, Fax: 4258568**

***E-mail: ican@ntc.net.np, Website: www.ican.org.np***